# जनकपुरधाम उप-महानगरपालिका

जनकपुवधाम उप-महानगवपानिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :- 2336

मितिः-२०८०/०८/०८

**विषयः-वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारे सूचना ।**

उपयुक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयको च.नं. ४२१, मिति २०८०/०८/०४ गतेको पत्र अनुसार वैदेशिक रोजगार सन्तती छात्रवृति संचालन कार्यविधि,२०८० बमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा विरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत अशक्त भएका श्रमिकहरुका १८ वर्ष मुनिका सन्ततीहरु पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह १२ कक्षा सम्मका विद्यार्थीहरुका लागि वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने छात्रवृतिका लागि तपसिल अनुसारका कागजात सहित आफू अध्यनरत शैक्षिक संस्थामा अनुसूची १ बमोजिमको ढाँचामा फारम भरी मिति २०८० मंसिर मसान्त सम्म निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु (नयाँ आवेदनका लागि)**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात ।
- वैदेशिक रोजगारीमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागजात।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षक र कामदारको बीचको नाता प्रमाणको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको बैंक खाता नम्बर खुल्ने कागजातको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको सिफारिस ।

**साविकमा प्रस गरिरहेका बालबालिकाका लागि**

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
- विद्यार्थी वा संरक्षकको बैंक खाता नम्बर खुल्ने कागजातको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि ।

(सुमन कुमार कार्की)

प्रमुख प्रशासकीय अधिकृत

**छात्रवृतिको सिमा**

बार्षिक रुपमा आधारभूत तहका लागि रू.१२०००।- र मध्यमिक तहका लागि रु.१६०००।- प्रदान गरिने छ । (एक जना विद्यार्थी एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृति उपलब्ध गराईने छ)

नोटः- छात्रवृति फाराम रोजगार सेवा केन्द्र (जनकपुरधाम उप-महानगरपालिकाको कार्यालय) बाट लिन सकिनेछ वा जनकपुरधाम उप-महानगरपालिकाको वेवसाइट www.janakpurmun.gov.np वा सचिवालयको वेवसाइट www.feb.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची — १

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**(छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा)**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

...........................

**विषयः वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस उपलब्ध गराइ पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ..............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................. मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त विरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुः-

**संलग्न कागजातहरू**

क) कामदारको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

**निवेदक**

नाम, थर :

ठेगाना :

मोवाईल नं. :

कक्षा :

रोल नं. :